नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(रोजगार व्यवस्थापन तथा सूचना शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- २.२/०८१/८२
चलानी नं.:- 25

मिति :- २०८१/०९/१६
ने.सं ११४५ पोहेलाथ्व पारू, मंगलबार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

दर्ता नं.:- 2300
दर्ता मिति:- 9/17

विषय :- सूचना प्रकाशन सम्बन्धमा।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८१/८२ मा प्रदान गरिने "वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कार" को लागि आवेदन मागगरी मिति २०८१ पुस १६ गते मंगलबारको गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। उक्त सूचना सबै स्थानीय तहको वेवसाइट तथा सूचनापाटीबाट प्रकाशन गर्न तहाँ मन्त्रालय मार्फत आवश्यक समन्वय हुने व्यवस्थाका लागि उल्लिखित सूचनाको छायाँप्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०८१/०९/११ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

(शान्ति पौडेल)
शाखा अधिकृत

सुशासन ... शाखा
दर्ता नं.: 940
दर्ता मिति: 9/16

श्री सूचना प्रविधि शाखा
मि. प्र. अ. ज्यू
2081/09/18

बलवा नगरपालिका
बलवा, महोत्तरी
दर्ता नं. 832
दर्ता मिति: 2081/09/18

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरबार, काठमाडौं

अनुसूची- १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

# वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीहरूलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/१६**

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय अर्थतन्त्र र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारकालागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले "विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६" को अनुसूची-२ अनुसारको आवेदन फारम भरी खामबन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (मिति २०८१/१०/०७ गते) भित्र यस मन्त्रालयको रोजगार सम्बन्ध तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान् गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनुरोध गरिन्छ। आवेदनको फारम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट : www.moless.gov.np बाट Downloadगर्न सकिनेछ। थप जानकारीका लागि www.moless.gov.np मा हेर्नुहुन वा फोन नं ०१-४२११६७८ र ९८४३७२५००० मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

तपसिल

| **आवश्यक योग्यता** | **अनुसूची फारम-२ साथ संलग्न गर्नुपर्ने कागजातहरु (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने)** |
|---|---|
| १. कार्य भिसामाविदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>२. वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरे को न्यूनतम १ वर्ष पूरा भएको,<br>३. विगत ५ वर्षभित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको। | १. नेपाली नागरिकताको प्रतिलिपि,<br>२. श्रम स्वीकृतिको प्रतिलिपि,<br>३. भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६. गत आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७. यस अघि पुरस्कार प्राप्त नगरेको स्व:घोषणा। |

**पुनश्च:** विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवेदन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन गर्न सक्नेछन्।

CamScanner